# भूमे साप्ताहिक

वर्ष ६ अङ्क १५ २०८१ भदौ २३ आईतबार



सम्पादकीय

## मौलिक कलाको जगेर्नामा भूमे

रुकुमपूर्वको भूमे गाउँपालिकामा जहाँ विभिन्न जातजातिको बसोबास रहेको छ। परापूर्व कालदेखि चलिआएको रीतिरिवाज, रहनसहन संस्कार, सांस्कृतिक महत्त्व बोकेको छ। मौलिक कला र सांस्कृतिक विविधता छुट्टै नामले पनि भूमे गाउँपालिका चिरपरिचित रहेको छ। नवीनतम विशेषता प्राकृतिक तथा सांस्कृतिक सफा र स्वच्छ हरियाली समृद्ध भूमे हो।

अहिले गाउँपालिकाले पुर्खाहरूले मान्दै आएका भाषा र सांस्कृतिकको संरक्षणमा जुटेको छ। देशमा मौलिक संस्कृति र कला लोप हुँदै जान थाल्दा भूमेले भने आफ्नो संस्कृति संरक्षण गर्दै युवा पुस्तामा हस्तान्तरणमा लागिपरेको छ।

पछिल्लो समय नयाँ पुस्तालाई आफ्नो परम्परा र संस्कृतिका बारेमा जानकारी दिन र संरक्षण गर्नका लागि गाउँपालिकाले मौलिक कला संरक्षणमा जोड दिइरहेको छ। संस्कृति जगेर्ना गर्न भौतिक सम्पदासँगै सांस्कृतिक सम्पदाको संरक्षणमा गाउँपालिका लागि परिरहेको छ। हामीले हाम्रो संस्कृतिलाई संरक्षण र संवद्र्धन गर्न सदैव तयार रहनुपर्छ त्यस पछि मात्र भोलिका पुस्ताले थाहा पाउने छन्। भूमेले कला, संस्कृति र साहित्यको प्रोत्साहन र संरक्षणमा विशेष ध्यान दिइरहेको छ।

परम्परागत देखि चलन चल्तीमा रहेका मौलिक लोक कला संस्कृति पालिका भित्र रहेका पैसेरु, सोरठी, लस्के, फाक, झोरेल्नी, ढङ्गे नचारु नाच, साइलो जी, सिङारु, मयुर नाच, भूमे पर्व लगायतका मौलिक संस्कृति भूमे चिनारी हुन्। भर्खरै गएको हरितालिका तीजको अवसर पारी गाउँपालिकाले विभिन्न कार्यक्रम आयोजना गरी मनाएको छ।

**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# मौलिक कला जगेर्ना सहित भूमेले धुमधामले तीज मनायो

## *तीज गीत तर्फ मावि महत र रसाकसी तर्फ सेराबाङ च्याम्पियन*




❖ साप्ताहिक संवाददाता

रुकुमपूर्वको भूमे गाउँपालिकाले मौलिक कला जगेर्ना सहित धुमधामले २०८१ सालको तीज मनाएको छ। भूमे गाउँपालिकाले बिहीबार तीज विशेष कार्यक्रम आयोजना गरी धुमधामले तीज मनाएको हो। मौलिक कला संस्कृतिलाई जोगाई राख्नको लागि आफ्नै मौलिक भाकामा तीज गीत र रसाकसीसँगै दर खाने कार्यक्रम सञ्चालन गरिएको थियो। जसमा तीज गीत तर्फ १३ समूह र रसाकसी ८ समूहले प्रतिसप्रर्धा गरेका थिए।

तीज गीत तर्फ भूमे–६ को जनजागृत मावि महतको समूह प्रथम हुँदा, भूमे –२ को नमुना बोर्डिङ स्कुल खाबाङबगर दोस्रो र हजारी महिला समूह र चौतारी स्वास्थ्य समूह तेस्रो स्थान हासिल गरेका हुन्। स्थान हासिल गर्ने समूहले पुरस्कार क्रमशः नगद ६ हजार, ४ हजार र ३ हजार सहित प्रमाणपत्र प्रदान गरिएको छ। यस्तै रसाकसी तर्फ भूमे – ५ सेराबाङको समूहले प्रथम भएको छ। पुरस्कार राशी नगद ६ हजार सहित प्रमाणपत्र प्रदान गरिएको हो।







कार्यक्रमका प्रमुख अतिथि लुम्बिनी प्रदेशसभा सांसद् तथा प्रदेश मामिला तथा कानुन समितिका सभापति दिलकुमारी बुढाले शुभकामना मन्तव्य राख्नुहुँदै महिलाहरूको महान पर्व तीज भएको बताउनुभयो। अहिले बजारमा आएका केही नयाँ गीतले गर्दा भने पुरानो संस्कार, संस्कृति कतै हराउने हो कि भन्ने डर लागि रहेको सभापति बुढाले बताउनुभयो। मौलिक संस्कार तथा संस्कृतीको रक्षा गर्नु सबैको जिम्मेवारी रहेको बुढाको भनाइ रहेको छ।

विषेश अतिथि तथा भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले हिन्दु नारीहरूको वर्ष दिनको पर्वमा हर्ष उल्लासको साथ मनाइएको बताउनुभयो। सांस्कृतिक महत्त्वको महान पर्व हरितालिका तीजको अवसरमा मौलिकतालाई कायम राख्दै साँस्कृतिक कला गाउँपालिकाले जगेर्ना गरिराखेको अध्यक्ष श्रेष्ठले बताउनुभयो। मौलिक कलालाई जोगाई राख्ने उद्देश्यले गाउँपालिकाले नै तीज विशेष कार्यक्रम आयोजना गर्ने गरेको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

भूमे गाउँपालिका उपाध्यक्ष सविना बुढाको अध्यक्षतामामा तीज विशेष कार्यक्रम गरिएको थियो। कार्यक्रमको प्रमुख अतिथि लुम्बिनी प्रदेशसभा सांसद् दिलकुमारी बुढाको रहेको थियो। विषेश अतिथिमा भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ रहेकोमा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देबिलाल बिक लगायतको आतिथ्यता रहेकोमा कार्यक्रमको सञ्चालन सहकर्मी समाजका फिल्ड सुपरभाइजर रन्जना विश्वकर्माले गर्नु भएको थियो।

# भूमे गाउँपालिका स्वास्थ्य शाखाको वार्षिक समीक्षा



❖ बालाराम शेर्पाली

रुकुमपूर्वको भूमे गाउँपालिका अन्तर्गत स्वास्थ्य शाखाले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक समीक्षा कार्यक्रम गरेको छ। मंगलबार पालिका भित्र रहेका सबै स्वास्थ्य संस्थाहरूले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका हुन्। गाउँपालिकामा १४ वटा स्वास्थ्य संस्था रहेका छन्।

ज्येष्ठ नागरिक, अपाङ्गता भएका र असहायका नागरिकलाई लक्षित गरेर शिविर मार्फत पनि स्वास्थ्य सेवा दिइराखेको गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो। आगामी वर्षमा अझै प्रभावकारी कार्यक्रम गर्दै स्वास्थ्य सेवा दिदैं जाने अध्यक्ष श्रेष्ठले बताउनुभयो। गएको आर्थिक वर्षमा २ सय ४७ जना महिला स्वास्थ्य संस्थामा सुत्केरी भएका छन्।

प्राणघातक तथा दीर्घ रोगी बिरामीलाई सहयोग गर्दै आएको बताइएको छ।

त्यस्तै ११ वटा वर्थिङ सेन्टरबाट सेवा दिइराखिएको छ। सामुदायीक स्वास्थ्य केन्द्र र गाउँघर क्लिनिकमा सेवा लिनेको संख्या बढ्दै गएको छ। स्वीकृत २७ जनाको दरबन्दी भए पनि २२ जना स्वास्थ्यकर्मी रहनु भएको छ भने २६ जना करारमा रहनु भएको छ।

उक्त वार्षिक प्रतिवेदन कार्यक्रममा पालिका भित्रका १४ वटै स्वास्थ्य संस्थाले आ–आफ्नो शाखाको प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए। सोही कार्यक्रममा विभिन्न संघसंस्थाहरूको पनि उपस्थिति रहेको थियो।

# स्थानीय अनुकुलन कार्ययोजना सम्बन्धी अन्तरक्रिया




❖ बालाराम शेर्पाली

रुकुमपूर्वको भूमे गाउँपालिमा स्थानीय अनुकुलन कार्ययोजना सम्बन्धी भूमे गाउँपालिकाको आयोजना र आईपासको आर्थिक सहयोगमा जलवायु परिवर्तन र असरबारे छलफल गरिएको छ। अहिले नेपालमा देखिएको जलवायु परिवर्तनले देशको विभिन्न स्थानमा ठूलो क्षती व्यहोर्नु परेको आईपास लुम्बिनी संयोजक विष्णु देवकोटाले जानकारी दिनुभयो।

जलवायु परिवर्तनले गरिब तथा अपल्पविकसित राष्ट्रमा बढी असर गरेको छ। जलवायु परिवर्तन भनेको के हो ? यसले के असर गर्छ, कहाँ असर गर्छ, हाम्रो समुदायमा मौसम र जलवायुका प्रमुख सुचकमा वर्षा, तापक्रम र वायुको वहाब विषयमा अन्तरक्रिया गरिएको हो। भूमे गाउँपालिकामा कुन प्रकोप छन्, कुन वडामा बढी छ। भविष्यमा कस्तो असर पार्छ परिचान गरेर समस्याको समाधान गर्नका लागिपरिरहेको कार्यक्रम अधिकृत असगर हुसेनले बताउनुभयो।

अहिले वर्तमान अवस्था कस्तो छ। जलवायु र मौसमबीच भिन्नता, लामो समय अवधिमा कुनै स्थानको औसत वायुमण्डलीय अवस्था र तापक्रम, वर्षा, हावा, दीर्घकालीन र परिवर्तनशील विषयमा गाउँपालिकाको सभाहलमा छलफल गरिएको थियो।




विश्वमा जलवायु परिवर्तनको अवस्था र नेपालमा जलवायु परिवर्तनको अवस्था स्थानीय अनुकूलन कार्ययोजना जलवायु परिवर्तनका प्रभावहरूलाई सम्बोधन गर्न स्थानीय स्तरमा तयार पारिएको रणनीतिक योजना लगायतका विषयमा अन्तरक्रिया गरिएको थियो। यसको मुख्य उद्देश्य भनेको जलवायु परिवर्तनको प्रभावलाई न्यूनिकरण गर्दै स्थानीय स्तरमा दिगो विकास सुनिश्चित गर्न पहल गर्ने भूमिमा खेल्ने बताइएको छ।

कृषि, जलस्रोत, वन, स्वास्थ्य, र जीविकोपार्जन जस्ता क्षेत्रहरूमा जलवायु अनुकूलनका उपायहरूमा काम गर्दा समुदायलाई जलवायु परिवर्तनको प्रभावबाट सुरक्षित राख्न मद्दत हुने उक्त संस्थाले बताएको छ। उक्त कार्यक्रममा बोल्दै भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले जलवायु परिवर्तनको विषयमा गाउँपालिकाको कार्यालयमा मात्र भन्दा पनि वडामा गएर पहिलेको अवस्था र अहिलेको अवस्था बुझ्ने हो भने बाढी, पहिरो तथा खडेरीको न्यूनिकरण गर्न टेवा पुग्ने बताउनुभयो।

उक्त कार्यक्रममा भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो।

यसैगरी गाउँपालिका प्रवक्ता तथा वडा नम्बर २ का वडाध्यक्ष नारायण पुन मगर, ६ नम्बर वडाका वडाध्यक्ष विक्रम पुन मगर, प्रमुख प्रशासकीय अधिकृत देविलाल बिक लगायत विभिन्न शाखाका प्रमुखहरूको उपस्थित रहेकोमा कार्यक्रमको सञ्चालन स्वास्थ्य शाखाका संयोजक तथा जनस्वास्थ निरीक्षक उपेन्द्र यादवले गर्नु भएको थियो।

# झुम्लाबाङमा आयोजित विविध खेलकुद प्रतियोगिता सम्पन्न



❖ **साप्ताहिक संवाददाता**

रुकुमपूर्वको भूमे गाउँपालिका–३ झुम्लाबाङमा लालीगुराँस युवा क्लवले आयोजना गरेको विविध खुलकुद प्रतियोगिता सकिएको छ। क्लवको १५ औं वार्षिकोसत्वको अवसर पारेर सञ्चालन गरिएको विविध खेलकुद प्रतियोगिता सम्पन्न भएको हो। झुम्लाबाङको खेलमैदानमा भदौ १० गते देखि सञ्चालन गरिएको महिला तथा पुरुष भलिबल प्रतियोगितामा पुरुष भलिबल तर्फ ३२ समूह र महिला भलिबल तर्फ १६ समूहले प्रतिस्पर्धा गरेको क्लवका अध्यक्ष भीमप्रसाद श्रेष्ठले जानकारी दिनुभयो। ९ दिनसम्म सञ्चालन भएको खेलकुद प्रतियोगितामा पुरुष भलिबल तर्फ भूमे–४ साकिमले १५ औं वार्षिकोसत्वको उपाधी हात पार्दै नगद ५० हजार सहिद ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ।

यस्तै थाउत्तरगंगा गाउँपालिका –११ दम्चन दोस्रो हुँदै नगद ३० हजार सहित ट्रफी, मेडल र प्रमाणपत्रले पुरस्कृत गरिएको छ। भने भूमे–४ काँडा तेस्रो हुँदै नगद २० हजार सहित ट्रफी, मेडल र प्रमाणपत्रले पुरस्कृत गरिएको हो।

यस्तै महिला भलिबल तर्फ भूमे– ६ महत प्रथम हुँदै पुरस्कार राशी नगद ३० हजार सहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ। भने भूमे–८ कोर्जा दोस्रो, पुथाउत्तरगंगा गाउँपालिका–१० तक तेस्रो र भूमे–३ क्याङ्सी सान्त्वना भएको छ। दोस्रो, तेस्रो र सान्त्वना हुनेलाई पुरस्कार क्रमशः नगद २० हजार, १० हजार र ४ हजार सहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ।

पुरुष तर्फ बेस्टप्लेयर पुथाउत्तरगंगा – ११ दम्चनका शुक्र बिक र महिला तर्फ पुथाउत्तरगंगा –१० तकका अस्मिता सेतीलाई ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको क्लवका अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो।

क्लवले पुरानो संस्कृति बचाउन भन्दै मौलिक लोक दोहोरी प्रतियोगिता सञ्चालन गरिएको थियो। जस तर्फ ८ समूह सहभागी भएकोमा भूमे –४ साकिमका रुपेस बिक समूह प्रथम, भूमे–३ झुम्लाबाङका तपराम शेर्पालीको समूह दोस्रो र सोही गाउँका दलविर सुनारको समूह तेस्रो भएका छन्। स्थान हासिल गर्ने समूहलाई क्रमशः नगद ३ हजार, २ हजार र १ हजार सहित मेडल, प्रमाणपत्रले पुरस्कृत गरिएको थियो।



त्यस्तै नृत्य तर्फ भूमे – ६ महतका शान्ती बुढा प्रथम, भूमे–३ झुम्लाबाङका करुणा बुढा दोस्रो र सोही गाउँका मनिका मल्ल तेस्रो हुनुभएको छ। उहाँहरूले पनि क्रमशः नगद २ हजार, १ हजार ५ सय र एक हजार सहित मेडल, प्रमाणपत्र पाउनुभएको छ।

खेल प्रतियोगिता समापन कार्यक्रमका प्रमुख अतिथि तथा भूमे–३ का वडाध्यक्ष प्रशुराम बुढा मगरले बधाई मन्तव्य राख्नुहुँदै भलिबल राष्ट्रिय खेल भएकाले यसको विकासमा सबैको ध्यान केन्द्रित हुनुपर्ने बताउनुभयो।

उहाँले भलिबल खेल स्वास्थ्यका लागि मात्र नभएर देशको समेत पहिचान बनाउने खेल भएको बताउनुभयो। उहाँले खेलले खेलाडीहरूको क्षमतामा पनि विकास हुने बताउनुभयो। त्यस्तै अनेरास्ववियु क्रान्तिकारी रुकुमपूर्वका अध्यक्ष चन्द्र रसाइलीले रुकुमपूर्व जस्तो विकट क्षेत्रमा जन्मिएका उदयमान खेलाडीहरू खेलकुद क्षेत्रमा अगाडि बढ्न नसकेको भन्दै देशले यहाँका खेलाडीलाई चिनी सरकारले अगाडि बढाउन जरुरी रहेको बताउनुभयो।

रसाइलीले युवासँग धेरै कुराको क्षमता हुने भन्द भलिबललाई मात्र चासोका साथ नराखेर यहाँको संस्कार, संस्कृतिलाई पनि नियालेर संरक्षण तथा प्रबद्र्धन गर्न सबैले पहल गर्नुपर्ने बताउनुभयो।

लालीगुराँस युवा क्लवका अध्यक्ष भीमप्रसाद श्रेष्ठको अध्यक्षतामा सरु भएको खेलकुद प्रतियोगिता समापन कार्यक्रमको प्रमुख आतिथ्यता भूमे गाउँपालिका–३ का वडाध्यक्ष प्रशुराम बुढा मगरको रहेको थियो। भने विशेष अतिथिमा अनेरास्ववियु क्रान्तिकारी रुकुमपूर्वका अध्यक्ष चन्द्र रसाइली, टकसार आधारभूत विद्यालयका प्रअ होमजङ राना मगर, ईलाका प्रहरी कार्यालय काँक्रीका दिप खड्का लगायतको आतिथ्यता रहेकोमा कार्यक्रमको सञ्चालन क्लवका सचिव इन्द्रमान शेर्पाली गर्नुभएको थियो।

# एक गर्भवती महिलासँग जम्काभेट

## *गर्भवती र सुत्केरी हुने प्रक्रियालाई सामान्य मान्दै*



पाँच छोरी र पेटमा हुर्किदैं गरेको सन्तान शिरिरले आराम मागि रहेको समय पिठ्यु भरी घासको भारी कहाँ सजिलो छ।७ सन्तान जन्मिनु भन्दा पहिले स्वास्थ चौकी न हिडेकी एक अधबैंसे महिला जीवन के हो र मृत्यु के हो ? हिमाली जिल्ला रुकुमपूर्व अशिक्षा, गरिबी, स्वास्थ संस्था टाढा रहेका छन्।

रुकुमपूर्वका हजारौं गर्भवती महिला र बालक देखि वृद्धवृद्धा उमेर समूहका नागरिक।तीन जिल्लाको सदरमुकामसँग सिमाना जोडिएको रुकुमपूर्वको हो।

सोही जिल्लाको भूमे गाउँपालिका–३ स्थित क्याङ्सीमा फेयरमेड फाउन्डेशन नेपालको आर्थिक सहयोगमा एवम् सार्वाङ्गीण विकास केन्द्र नेपालको साझेदारीमा सञ्चालित ग्रामीण स्वास्थ सुधार परियोजना अन्तर्गतको गर्भवती घरभेट कार्यक्रममा सुनकुमारी रोकासँग भेट हुन्छ।पाँच छोरी एक छोरा र श्रीमान् र सुनकुमारी सहित आठ जनाको परिवार भएको सुनकुमारी गर्भवती हुनुहुन्छ।

छोराछोरीको र दैनिक घर व्यवहार चलाउनको लागि धन कमाउन केहिँ महिना पहिले प्रदेश श्रीमान् घर एक छोरा




सुनकुमारीले ६ सन्तानलाई स्वास्थ संस्था पु¥याएको उहाँको मुखबाट सुन्न पाईन्न। केहीँ उहाँसँग कुरा गर्न मन लाग्यो। उहाँसँग भएको पीर व्यथालाई फेयरमेड फाउन्डेशन नेपालमा कार्यरत उषा छिनालले उमेरले ४० वर्ष भन्दा बढी भएकी सुनकुमारी बिच कुराकानी गर्ने क्रममा उहाँलाई गर्भ अवस्था देखि बच्चा जन्माउँदा सम्मको जानकारी दिएको उषाले बताउनुभयो। हरेक बार खाना चार मिलाए खानु पर्छ। गर्भजाँच गर्न स्वास्थ्य चौकी जानु पर्छ। तर सुनकुमारी भने उषाको कुरा पटयार नै गर्नु भएन्।

किन भने उहाँले ६ सन्तानलाई घरमा नै जन्म दिनु भएको थियो।

उहाँले भन्नुभयो। यत्रो सबै बच्चा घरमै जन्मिए।

किन अस्पताल जानु पर्यो नानी प्रश्न गर्नुभयो ? सुनकुमारीले लाज लाग्छ म जादैंन स्वास्थ्य चौकी आमा मेरो कुरा त सुन्नदिनु पहिले उषाले भन्नुभयो आमा हामीले हजुरको स्वास्थ्य र बच्चा राम्रो जन्मियोस भनेर हो ? उषालाई बच्चा र आमाको स्वास्थ्य बारे बुझाउन निकै हम्मे भयो। सुनकुमारीलाई सम्झाउन भने उषा पछी हेतनत करिब दुई घन्टा लामो कुराकानी पश्चात गर्भवती रोका मगर अप्ठ्यारो मान्दै अव म गर्भजाँच गराउन स्वास्त्य चौकी जाने बताउनुभयो।

त्यही उषाले अन्य काम छाडेर सुनकुमारीलाई घर मोराबाङ स्वास्थ्य चौकीमा गर्भजाँच गराउन लगेको उषाले बताउनुभयो।

उषाले खुसी हुदैं भन्नुभयो, उक्त घरभेट केही महिना पछि म एक दिन मोराबाङ स्वास्थ्य चौकीको महिला स्वयमसेविकाको बैठकमा गएको समयमा मेरी फेरी उनै सुनकुमारी दिदीसँग भेटभयो। उहाँ सुत्केरी गराउनको लागि स्वास्थ्य चौकी आउनु भएको रहेछ।

श्रीमान घर भन्दा टाढा भएको कारण उहाँसँग उहाँका साना छोरीहरु मात्र आएका थिए। उहाँको राम्रोसंग हेरचाह गर्नको लागि परिवारको कोही सदस्य नहुँदा सुनकुमारीलाई त्यो समयमा कस्ले स्याहार गर्ने मनमा निकै खुल्दुली लाग्यो ? मन निकै भकानियो। स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मीले उहाँको अवस्थाबारे निकै चिन्तित हुनुहुन्थो ? केही बेर समय पछि एउटा बन्द कोठा भित्र बच्चाको आवाज सुनियो।

नयाँ सन्तानको आगमण भएको रहेछ। सुनकुमारीले छोराको जन्म दिएको बाहिर एक सिस्टरले खबर ल्याउनुभयो। बच्चाको अवस्था सामान्य रहे पनि सुनकुमारीलाई अत्याधिक रक्तश्राप भएको कारण उहाँको अवस्था भने निकै जटिल थियो।

स्वास्थ्यकर्मीको अथाह प्रयास पछि उहाँको स्वास्थ्यमा सुधार हुँदै गयो। आजभोलि उहाँनै स्वास्थ्य संस्था जान नमान्ने सुनकुमारीले गाउँमा धेरै गर्भवतीले घरमा नै पुगेर आफ्नो दुःखको पीडा सुनाउँदै समाजमा आमा बच्चा हुने जोखिमबारे समाजमा सकरात्मक सन्देश फैलाउँदै हिड्ने गर्नु भएको छ। सुनकुमारी समाजमा देखिएकी एक पात्र मात्रै हुन भने अन्य यस्ता कैयौं गर्भवती रहेका छन्। अहिलेको यो समयमा घरमा नै होम डेलिभरी हुने अवस्था धेरै छ।




यस्ता विषयहरुमा सरोकारवाला निकायहरुले गाउँगाउँमा अभियान चलाउन जरुरी रहेको छ। मोराबाङ स्वास्थ्य चौकी, महत स्वास्थ्य चौकी र काँडा स्वास्थ्य चौकी, काँक्री स्वास्थ्य चौकीमा सुत्केरी भान्सा घरको व्यवस्था गरिएको छ।

सुत्केरी महिलाहरुले लाग्नुअघि नै स्वास्थ्य चौकीमा जचाउन जाँदा समस्या देखिए वा स्वास्थ्यकर्मीको निगरानीमा रहनुपर्ने अवस्थाका गर्भवतीहरु बस्नको लागि उक्त कुरुवा भान्सा घर गाउँपालिकाले निर्माण गर्दा विभिन्न संघसस्थाहरुले सहयोग गर्दै आएको भूमे गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख उपेन्द्र यादवले बतानुभयो।

पछिल्लो समय अनिवार्य रुपमा स्वास्थ्य संस्थामा सुत्केरी गराउनु पर्ने सरकारी निर्देशन रहेको छ। मातृ तथा नवजात शिशुको मृत्युदर घटाउन र जटिल समस्या हुन नदिन समयमै स्वास्थ्य संस्थामा लैजान गर्भवती महिलाहररुको परिवारका सदस्यहरुलाई बेलैमा सचेत जानकारी गरिएको यादवले बताउनुभयो।

अहिले स्वास्थ्य चौकीमा नियमित स्वास्थ्यकर्मीको निगरानीमा राख्नुपर्ने सुत्केरी भएमा र उहाँहरुलाई स्याहार गर्न सुत्केरी भान्सा घरले सहज भएको मोराबाङ स्वास्थ्य चौकीका सिनियर अनमी उषा पुन मगरले बताउनुभयो। स्वास्थ्य संस्थामा सुत्केरी हुँदा आमा र शिशुको स्वास्थ्य अवस्थामा सुधार हुने भएकाले स्वास्थ्य संस्थाबाट टाढा भएका सेवाग्राहीलाई लक्षित गरी सुत्केरी भान्सा घर गाउपालिकाले निर्माण गर्दा निकै सहज भएको अनमी पुन मगरले बताउनुभयो।

जिल्लाको सबै गाउँ बस्तीसम्म सडक यातायात नहुनु र भएका सडक पनि बिग्रे भत्केकाले समस्या झेल्नु परेको छ। भौगोलिक विकटता, सहज र पर्याप्त उपचारको सुविधा नहुँदा गर्भवती तथा सुत्केरी महिलाहरुले सास्ती बेहोर्नु परिरहेको छ।

रुकुमपूर्वका दर्जनौ गाउँका बासिन्दाहरु गर्भवती र सुत्केरी हुने प्रक्रियालाई सामान्य रुपमा लिने र जटिल समस्या देखिएपछि मात्रै आत्तिने गरेको तथ्य धेरै रहेको छ।

देशमा संघीयता आगमनसंगै रुकुमपूर्वको मुहार फेरीदै गर्दा जन जीवन उस्तै छ। जिल्लाको तीन गाउँपालिका मध्य भूमे गाउँपालिका आफ्नै गती लिदैं गर्दा विकास निर्माणका पहिलो प्राथमिक्ता शिक्षा, स्वास्थ, सडक बाटोसंगै भौतिक संरचनाहरु बन्दै छ। जसको परिणाम आर्थिक वर्ष २०८० को असार मसान्त सम्म ८८.५ प्रतिशत भन्दा बढी बजेट खर्च भएको छ।

# तोरी खेती प्रविधिको महत्व

❖ नारायण ओली



परिचयःतोरी एक प्रकारको दुई दलीय तेलहन बाली हो।नेपालको पहाडी तथा समथर भूभागमा यसको खेती गरिन्छ।यो नेपालको मूख्य तेलहन बाली हो।यसको बोट सानो हुँदा सागको रूपमा तरकारी बनाउन प्रयोग गरिन्छ।भूमेको सन्दर्भमा बेसी देखि लेख सम्म खेती गरिन्छ।यसको खेती लेखमा असोज महिना र बेसीमा मंसिर सम्म गर्न सकिन्छ।तेल औद्योगिक कच्चा पर्दा हो।यसको पिना मल तथा पशु आहारामा प्रयोग गर्न सकिन्छ।तोरी तराई तथा पहाड दुवै हावापानीमा लगाउने वालीहरु हुन्।कम तापक्रम, सफा सुखा मौसम, प्रशस्त घाम र उपयुक्त चिस्यान भएको अवस्थामा तेल उत्पादन राम्रो हुन्छ।

यी वालीहरु यस्तो हावापानी भएको क्षेत्रमा लगाउनु पर्दछ।पानी जम्नु हुंदैन तर हल्का सिचाई दिनु पर्दछ।सबै किसिमका माटोमा लगाउन सकिन्छ तर हल्का दोमट माटोमा राम्रो हुन्छ।माटोको पिएच न्युट्रल हुनु पर्दछ र हल्का क्षारीय माटो पनि सहन सक्छ।माटोमा पानी जम्नु हुँदैन।साधारणतया बर्षे पानी संचित भएको चिस्यानमा यो बाली लगाईन्छ र बर्षाको पानीकै आशमा कृषकहरु निर्भर रहन्छन्।

**महत्त्वः** खाद्य पदार्थको रुपमा प्रयोग गरिन्छ।मल तथा पशुको आहाराको रुपमा प्रयोग गर्न सकिन्छ। औद्योगिक कच्चा पदार्थको रुपमा प्रयोग गर्न सकिन्छ।यसले माटोमा नइट्रोजन फिक्सेशन गर्ने भएकहुनाले माटाको उर्वरता वृद्धि हुन्छ।

**हावापानीः** रायो तथा तोरि खास गरेर समशितोष्ण हावापानी देखि शितोष्ण हावापानीमा हिउँदको समयमा हुने बाली हो।चिसो हावापानीमा हुने तुषारो सहन नसक्ने खालको हुन्छ।तोरि लगाएको २५-३० दिनमा फूल फूल्न थाल्छ र ५० दिन सम्म फूलि रहन्छ।**माटोः** तोरी खेती धेरै किसिमको माटोमा हुन्छ।हलुका बलौटे, दोमट र चिम्टाइलो माटोमा खेती गर्न सकिन्छ।

प्रसस्त प्रांगारिक तत्व भएको पानी नजम्ने माटोमा हुन्छ। साधारणतया माटोको पि एच ६ देखि ७.५ हुनुपर्छ। हामीले वर्षे आलु रोपेको जमिन तथा अन्य जमिनमा पनि रोप्ने चलन छ।

**जातः** भूमे गाउँपालिकाको सन्दर्भमा धेरै जसो स्थानिय जातको तोर र शर्सु खेति गर्ने चलन छ। धेरै रोग किराको प्रकोप नहुने उत्पादन राम्रो हुने गर्छ। उन्नत खेति प्रविधिमा भने पुया बोल्ड, कृष्णा, बिकास, प्रगती लुम्ले, मोरङ तोरीको प्रयोग गरिन्छ।

***जमिनको तयारी तथा लगाउने तरिका***

- तोरी खेतीका लागि जमिन तयारी गर्दा २-३ पटक खनजोत गरी, डल्ला फुटाई माटो खुकुलो बनाउनु पर्छ।
- झारपातला राम्रोसँग फालि दाते पाता चलाई राम्रोसँग तयारी गर्नुपर्छ।
- तोरी खेती खास गरेर कार्तिक महिना भरी गर्न सकिने भएता पनि कार्तिकको दोस्रो हप्तामा खेति गर्दा उत्पादन धेरै हुन्छ।
- तर हाम्रो भूमेको सन्दर्भ तथा हावापानीमा असोज महिना देखि मंसिर महिना सम्म खेति गरिन्छ। ३-४ से मी गहिरो बनाई बीउ रोप्नुपर्छ। प्रति हेक्टरमा ८-१० के जी का दरले बीउको आवश्यकता पर्छ। हाम्रो क्षेत्रमा आलु-तोरी- गहुको बाली चक्र अपनाउन सकिन्छ। तोरीलाई अन्य हिउँदे बालीसंग मिश्रित खेती पनि गर्न सकिन्छ। यसलाई रोपेको २०-२५ दिनमा फूल फूल्ने बेला सिचाइ गर्न सकिन्छ र त्यसपछि ४०-५० दिनको बीचमा पनि सिचाइ गर्दा उत्पादन राम्रो हुन्छ। यो बालीमा **NPK** ६०:४०:२० का दरले प्रयोग गर्नुपर्छ। हाम्रो जस्तो प्राङ्गारिक जिल्लामा प्रसस्त मात्रामा जैविक मल, गोठे मल, कम्पोष्ट मल वा गडेउँले मल आदि प्रयोग गर्न सकिन्छ।

***झारपात तथा रोग किराहरुः*** यस बालीमा बिशेश गरी अरोवेन्की नामक परजीवी झार आउने भएको हुनाले गोडमेल गरेर खाडलमा ठगाडिदिनुपर्छ। अन्य कुनै झारपात आएमा हिसयार पूर्वक उखेलेर फाल्नुपर्छ। तोरी बालीमा विभिन्न किसिमका रोगो तथा किराहरुले सताउने गर्दछ। जस्तैः थोप्ले डढुवा, सेतो रोग, डाउनी बिल्डिउ, धुले ढुसी, आदि रोग ले सताउने गर्छन। यस रोगको लागि उपयुक्त व्यवस्थापन गर्नुपर्छ। तोरी बालीलाई विभिन्न किराहरुले पनि सताउने गर्छ। जस्तैः तोरीको करौते झिंगा, लाही किरा, पुतली आदिले सताउने गर्दछन। यस्ता रोग तथा किराहरुको प्रकोप देखा परेको खण्डमा प्राविधिकको सल्लाह अनुसार उपयुक्त औषधी तथा पेष्टीसाइटको प्रयोग गर्नुपर्छ।

***बाली भित्र्याउने:*** तोरी वाली तेलहन बाली भएको हुनाले ७५ प्रतिशत पाकिसकेपछी होसियारपूर्पक काटेर सुकाउनुपर्छ। २/३ घाम सुकाएर तरी चुट्नु पर्छ। केडामा प्रतिशत भन्दा कम चिस्यान भएपछि भण्डार गर्नुपर्छ। तोरी बलाको उत्पादन प्रतिहेक्टर ०.८ देखि १.५ मेट्रिक टन हुन्छ।

**तेल उत्पादन गर्ने तोरी, सर्स्यूँ तथा रायो बालीहरुमा के फरक छ र सरल भाषामा कसरी पहिचान गर्ने ?**

ब्रासिका 'जेनस' भित्र ब्रासिका कम्पेस्ट्रीस र ब्रासिका जुनसिया दुई समूहहरु छन्। पहिलो समूह ब्रासिका कम्पेस्ट्रीस अन्तरगत 'सर्य्यूँ' र तोरी पर्दछन् र यसलाई अंग्रेजीमा (Rape seed) भनिन्छ। यो ब्रासिका जुनसिया (Mustard) समुह भन्दा होचो हुन्छ। पात नरम र साना–साना भुत्ला भएका हुन्छन र बीउको रंग पहेंलो वा खैरो हुन्छ र वाहिरी भाग चिप्लो हुन्छ। तर ब्रासिका जुनसिया जसलाई अंग्रेजीमा (Mustard) भनिन्छ र यसलाई राई वा लाहा पनि भनिन्छ। यसको बोट अग्लो हुन्छ र हांगाहरु लाग्दछ। कोसाहरु छोटो र सुरिलो हुन्छन र बीउ खैरो वा गाढा खैरो हुन्छ र वाहिरी भाग खस्रो हुन्छ।

**यी बालीहरुमा सिंचाई गर्नु पर्दछ कि पर्दैन ? परेमा कहिले सिंचाई गर्ने ?**

साधारणतया बर्षे पानी संचित भएको चिस्यानमा यो बाली लगाईन्छ र बर्षाको पानीकै आशमा कृषकहरु निर्भर रहन्छन्। तर यी बालीहरुलाई पनि फुल खेल्ने र कोसा भरिने बेला चिस्यान चाहिन्छ रसिंचाई दिनु पर्दछ, जसले गर्दा राम्रो उतपादन लिन सकिन्छ।

**बालीहरुमा मुख्य तत्व भएको मलखाद बाहेक अन्य मलखाद केहि प्रयोग गर्नु पर्दछ ?**

सबै बालीहरुका लागि मुख्य तत्वहरु नाईट्रोजन, फस्फोरस र पोटासको आवशयकता पर्दछ र यिनीहरुको पूर्तिका लागि डि.ए.पी., यूरिया र पोटास दिइन्छ। तर यी बालीहरुमा तत्व बाहेक सल्फरको बढिनै आवशयकता पर्दछ। त्यसैले सल्फरको पूर्तिका लागि १५ के.जी. सल्फेक्स प्रति हेक्टरका दरले जमिन तयारीकै बेलामा प्रयोग गर्नु पर्दछ।

**तोरी तथा रायोमा मलखादको कति मात्रा प्रयोग गर्नु पर्दछ ?**

भएसम्म कम्पोष्टमल वा गोबरमल प्रयोग गर्नु पर्दछ ।यस बाहेक यी बालीहरुका लागि नाईट्रोजन, फस्फोरस र पाटास क्रमशः ६०–८०, ४०–२० के.जी/हेक्टर प्रयोग गर्नु पर्दछ। माथिको सिफारिस पुरा गर्न यूरिया ९६ के.जी., डि.ए.पी. ८७ के.जी. र पोटास ३३ के.जी. प्रति हेक्टर (डेढ विगाहा) का दरले प्रयोग गर्नु पर्दछ। सिंचाईको ब्यवस्था नभएमा माथिको मात्राको आधा मात्र प्रयोग गर्नु पर्दछ। यूरिया बाहेक सबै मल जमिन तयारीकै बेलामा प्रयोग गर्नु पर्दछ। यूरियामा आधा जमिन तयारी गर्दा र चौथाई चौथाई गरी सिंचाई गरेपछि प्रयोग गर्नु पर्दछ।

**तोरीका सिफारिस जातहरु के के हुन् ?**

तोरीका लागि ६ जातहरु उन्मोचन भएका छन्। ती हुनः विकास, लुम्ले १, प्रगति, उन्नति, प्रीति र हाइब्रिड जे.वाई. १६ पन्जिकण गरी कृषकलाई खेती गर्न अनुमति दिइएको छ।

# केरा खेती प्रवर्द्धन कार्यक्रम माग सम्बन्धी सूचना

भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८१/८२को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने संघीय सरकारवाट हस्तान्तरित संघ विशेष अनुदान **,केरा खेती प्रवर्द्धन कार्यक्रम ५० प्रतिशत अनुदान** कार्यक्रममा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने **भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) भित्रका कृषि फार्म / कृषक समूह / कृषि सहकारी संस्था लिमिटेडहरुले** उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी **यो सूचना प्रकाशित भएको मितिले दिन 15 (मिति वि२०८1.सं./06/गते आइतवार 06 भित्र** कार्यालय समयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा माग गर्नुहुन यसै (पूर्वी भाग) सूचनाद्धारा जानकारी गराईन्छ।

## पेश गर्नुपर्ने आवश्यक कागजातहरु:

- कार्यक्रम माग सम्बन्धमा निवेदन र छाप।
- सञ्चालक व्यवस्थापकको/कोषाध्यक्ष/सचिव/अध्यक्ष/नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि। -
- सम्बन्धित निकायमा दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि। -
- स्थायी लेखा नम्बर )PAN) तथा मूल्य अभिवृद्धि कर (VATपत्रको प्रतिलिपि। -दर्ता प्रमाण (
- गत आ.व.२०८०/८१को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि। -
- गत आ.व.२०८०/८१को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि।
- समूह / संस्थाको हकमा कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपि।

**उल्लेखित केरा खेती प्रवर्द्धन कार्यक्रम माग सम्बन्धमा निवेदनको ढाँचानमूना भूमे गाउँपालिका/,गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम कार्यालय (पूर्वी भाग), सम्बन्धित वडा कार्यालयहरु र भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) कार्यालयको वेवसाईट www.bhumemun.gov.np तथा Facebook page बाट प्राप्त गर्न सकिनेछ।**

सम्पर्क नं. कृषि प्रसार अधिकृत - स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२,९८२२८२३८२६

प्रा.स. - मोहन कुमार डाँगीः- ९८४७८६१३२९ ना.प्रा.स .- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५